# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाडौं

मिति: २०७६।०३।२३ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

---

रूपन्देही जिल्ला अदालत, बाल ईजलाश शाखामा कार्यरत शान्ति देवी अधिकारीले सवारी ज्यान मुद्दाको बाल मनोविज्ञान प्रतिवेदन सरल रूपमा तयार गरी छिटो पेशी गराईदिन्छु भनी पटक-पटक दुःख हैरानी दिई घुस/रिसवत माग गरेको भन्ने लिखित निवेदन सम्बन्धमा अनुसन्धान हुँदा निज रूपन्देही जिल्ला अदालतमा बाल मनोविज्ञको रूपमा कार्यरत शान्ति देवी अधिकारी भुसालले बाल मनोविज्ञान प्रतिवेदन सरल रूपमा तयार गरी छिटो पेशी गराईदिने प्रयोजनको लागि घुस/रिसवत लिएको पुष्टि हुन आई निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुर गरेको स-प्रमाण पुष्टि भएकोले निजलाई विगो रू.१०,०००/- (दश हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता